पुष्पलालद्वारा प्रतिष्ठापित
नेपाल समाचारपत्र
newsofnepal.com
राष्ट्रिय दैनिक
शुक्रबार, पुस १८, २०८२ | Friday, January 2, 2026 | नेस ११४६, पोहेलाथ्व १३ | वर्ष ३०, अक ३०१ | पृष्ठ ८+२ | मूल्य रू १०/–

ई IMAGE HD

# ललितपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## पुल्चोक, ललितपुर बागमती प्रदेश

## पसल कवल भाडामा दिने सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८२/०९/१८

ललितपुर महानगरपालिकाको स्वामित्वमा रहेका प्याकेज नं. १ वडा नं ३ पुल्चोक र प्याकेज नं ४ वडा नं १२ का पसल कवलहरु २०८६ असार मसान्त सम्मका लागि शिलबन्दी दर भाउपत्र आव्हान गरी ठेक्कामा दिने निर्णय भए बमोजिम दोश्रो पटक यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन अर्थात २०८२/०९/२४ गते कार्यालय समय भित्र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि तथा संस्था/कम्पनीको हकमा २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र, २०८२/०८३ सम्म नविकरण भएको व्यवसाय दर्ताको प्रमाणपत्र, भ्याट र प्यानको प्रमाणपत्र सहित दरभाउपत्र फारम पेश गरी नेपाल बैंक लिमिटेड गाःवहाल वा ललितपुर महानगरपालिका कार्यालय हाता भित्र रहेको नेपाल बैंक लिमिटेडको काउन्टरमा यस कार्यालयको नाममा रहेको राजस्व खाता नं. ०१८०३०००००१००१००००० को कार्यालय कोड नं. ११२६०३० राजस्व शिर्षक नं. १४२२९ मा दरभाउपत्र दस्तुर बापत रु. १०००।– अक्षरुपी (एक हजार) रुपैंया फिर्ता नहुने गरी जम्मा गरेको सक्कल भौचर पेश गरी दरभाउपत्र फाराम लिई ८ औं दिन अर्थात २०८२/०९/२५ गते १२:०० बजे भित्रमा न्यूनतम अङ्कमा नघटाई रीतपूर्वकको शिलबन्दी दरभाउपत्र दर्ता गरी पेश गर्नु हुन र पेश भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे खोलिने (दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट) हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी थपजानकारीको लागि राजस्व महाशाखामा सम्पर्क गर्न सकिनेछ ।

## दरभाउपत्र फाराम पेश गर्दा पालना गर्नु पर्ने शर्तहरु

१. दरभाउपत्रको फारम ललितपुर महानगरपालिकाको कार्यालय हाता भित्र रहेको नेपाल बैंक लिमिटेडको काउण्टरमा यस कार्यालयको नाममा रहेको राजस्व खाता नं. ०१८०३००००१००१००००१ कार्यालयको कोड नं. ११२६०३० राजस्व शिर्षक नं. १४२२९ मा दरभाउपत्र दस्तुर वापत रू. १०००।- अक्षरुपी (एक हजार) रुपैंया फिर्ता नहुने गरी जम्मा गरी राजस्व प्रशासन महाशाखाबाट उपलब्ध गरिनेछ ।

२. प्रत्येक प्याकेज अन्तर्गत प्रत्येक पसल कवलको छुट्टाछुट्टै दरभाउपत्र पेश गर्नु पर्नेछ र खामको बाहिर पट्टी प्रष्ट बुझिने गरी ललितपुर महानगरपालिका कार्यालय ल.पु. पुल्चोक, **ठेगाना**,प्याकेज नं., पसल कवल नं. अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

३. दरभाउपत्रका साथ व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी तथा संस्था/कम्पनीको हकमा आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र, आ.व.२०८२/०८३ सम्म नविकरण भएको व्यवसाय दर्ताको प्रमाणपत्र, भ्याट र प्यानको प्रमाणपत्र सहित पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्रदाताले आफूले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेख्नु पर्नेछ र अंक र अक्षर फरक परेमा वा प्रष्ट नभएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. आय ठेक्का सम्बन्धी कार्यविधि, २०८० को दफा ८ (६) बमोजिम दरभाउपत्रदाताले वार्षिक कवोल अंकको १०% (दश प्रतिशत) ले हुन आउने धरौटी वापतको रकम नेपाल बैंक लिमिटेड गा:बहाल स्थित यस ललितपुर महानगरपालिकाको नाममा रहेको धरौटी खाता नं. **०१८०३०००००३००००००००१** मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

६. एक व्यक्ति वा संस्थाले एउटा मात्र पसल कवल लिन पाईनेछ । यदि कुनै व्यक्ति वा संस्थाले एक भन्दा बढी फाराम पेश गरेको पाईएमा निजको नामको सम्पूर्ण दरभाउपत्र स्वत: रद्ध हुनेछ ।

७. प्रत्येक प्याकेजको प्रत्येक पसल कवल**का लागि** एक भन्दा बढी व्यक्ति/संस्थाले दरभाउपत्र पेश गरेको अवस्थामा पेश भएका दरभाउपत्र मध्ये सबै भन्दा बढी कबोल गर्ने दरभाउपत्रदाता संग सम्झौता गरिनेछ । यदी सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रदाता संग सम्झौता हुन नसकेमा त्यस पछिका बढी रकम कबोल गर्ने दरभाउपत्रदाता संग क्रमश: सम्झौता गरिनेछ ।

८. दरभाउपत्रदाताले बुझाउने भाडा दर: प्रथम वर्ष कबोल गरेको भाडा रकम बमोजिम, दोश्रो वर्ष प्रथम वर्षको मासिक भाडा कवोल अंकको ५% थप र त्यस पछिका वर्षहरुमा प्रत्येक अघिल्लो वर्षको मासिक भाडा रकमको ५% का दरले वृद्धि हुनेछ ।

९. दरभाउपत्र स्वीकृत पश्चात सम्झौता गर्ने समयमा आय ठेक्का सम्बन्धी कार्यविधि, २०८० को (प्रथम संशोधन) २०८२ दफा १७ (१) बमोजिम दरभाउपत्रदाताले कबोल गरेको वार्षिक कबोल अंकको शत प्रतिशत अर्थात १ वर्ष बराबरको रकम बैंक ग्यारेण्टी वा नगदै धरौटी स्वरुप नेपाल बैंक लिमिटेड गाःबहाल स्थित यस ललितपुर महानगरपालिकाको नाममा रहेको धरौटी खाता नं. **०१८०३०००००३००००००००१** दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । प्रत्येक वर्ष वृद्धि भएको दरले थप धरौटी बुझाउनु पर्नेछ ।

१०. प्रत्येक महिनाको भाडा सोही महिनाको ७ गते भित्र दाखिला गर्नु पर्नेछ । अन्यथा सोही महिनाको ८ गते देखि १५ गते सम्म ५ प्रतिशत र १६ गते देखि १० प्रतिशत अतिरिक्त जरिवाना लाग्नेछ । यदि अर्को महिनाको ७ गते भित्र पनि मासिक बहाल रकम दाखिला नगरेमा द्वितीय पक्षले राखेको धरौटी रकमबाट बाँकी बक्यौता रकम असुल उपर **गरिनेछ** ।

११. दरभाउपत्र फाराम पेश गर्ने व्यक्ति/**संस्था**/**कम्पनी**को नाममा मात्र व्यवसाय संचालन गर्न पाउनेछ । अन्य व्यक्ति तथा संस्थाहरुलाई व्यवसाय संचालन गर्न दिएको प्रमाणित भएमा धरौटी जफत गरी सम्झौता रद्ध गरिनेछ ।

१२. कार्यालयलाई उक्त स्थान आवश्यक परेमा ६० (साठी) दिनको अग्रिम सूचना दिई हटाउन सक्नेछ तथा व्यक्ति/संस्था/**कम्पनी**ले पसल कवल छाड्न चाहेमा ६० (साठी) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१३. नियम पालना नगर्ने व्यवसाय संचालकको सम्झौता जुनसुकै पनि बखत तोड्न सकिनेछ ।

१४. यसमा उल्लेख नभएका अन्य कुराको हकमा आय ठेक्का सम्बन्धी कार्यविधि, २०८० (प्रथम संशोधन २०८२) र प्रचलित ऐन, नियम बमोजिम हुनेछ । यस सम्बन्धी थप जानकारीका लागि ललितपुर महानगरपालिकाको Website: https://lalitpurmun.gov.np राखिएको छ साथै यस कार्यालयको राजस्व प्रशासन महाशाखामा सम्पर्क राख्नु पर्नेछ ।

१५. अन्य शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।